४. सम्बन्धित इलाकाको प्रतिनिधित्व गर्ने सदस्य जिल्ला पञ्चायत, रूपन्देही – सदस्य
५. श्री ५ को सरकारबाट मनोनीत जनप्रतिनिधि वा समाजसेवी दुईजना – सदस्य
६. प्रधानपञ्च, बुटवल नगर पञ्चायत – सदस्य
७. प्रमुख, रूपन्देही जिल्ला मालपोत कार्यालय – सदस्य
८. प्रमुख, खानेपानी तथा ढल निकास जिल्ला कार्यालय, रूपन्देही – सदस्य
९. प्रमुख, भवन र आवास तथा शहरी विकास जिल्ला कार्यालय, रूपन्देही – सदस्य-सचिव

द्रष्टव्यः (१) अञ्चलाधीशको अनुपस्थितिमा अध्यक्षको काम प्रमुख जिल्ला अधिकारीले चलाउनेछ ।

(२) मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

खण्ड ३१, संख्या ५०, मिति २०३८।१२।१६ नेपाल राजपत्र भाग ३ मा प्रकाशित बुटवल नगर विकास समितिको गठनसम्बन्धी सूचना खारेज गरिएको छ ।

## सूचना ३

नगर विकास ऐन, २०४५ को दफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको पदाधिकारी रहने गरी बाँके जिल्लाको नेपालगञ्ज नगर पञ्चायतमा नेपालगञ्ज नगर विकास समिति गठन गरेको छ ।

समितिको गठनः

१. अञ्चलाधीश, भेरी अञ्चल – अध्यक्ष
२. सभापति, बाँके जिल्ला पञ्चायत – सदस्य
३. प्रमुख जिल्ला अधिकारी, बाँके जिल्ला – सदस्य
४. सम्बन्धित इलाकाको प्रतिनिधित्व गर्ने सदस्य जिल्ला पञ्चायत, बाँके – सदस्य
५. श्री ५ को सरकारबाट मनोनीत जनप्रतिनिधि वा समाजसेवी दुईजना – सदस्य
६. प्रधानपञ्च, नेपालगञ्ज नगर पञ्चायत – सदस्य
७. प्रमुख, बाँके जिल्ला मालपोत कार्यालय – सदस्य
८. प्रमुख, खानेपानी तथा ढल निकास जिल्ला कार्यालय, बाँके – सदस्य
९. प्रमुख, भवन र आवास तथा शहरी विकास जिल्ला कार्यालय, बाँके – सदस्य-सचिव

द्रष्टव्यः (१) अञ्चलाधीशको अनुपस्थितिमा अध्यक्षको काम प्रमुख जिल्ला अधिकारीले चलाउनेछ ।

(२) मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

खण्ड २८, संख्या ४८, मिति २०३५।१२।६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित नेपालगञ्ज नगर विकास समितिको गठनसम्बन्धी सूचना खारेज गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

नगर विकास ऐन, २०४५ को दफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको पदाधिकारी रहने गरी मोरङ जिल्लाको विराटनगर नगर पञ्चायतमा विराटनगर नगर विकास समिति गठन गरेको छ ।

समितिको गठनः

१. अञ्चलाधीश, कोशी अञ्चल – अध्यक्ष
२. सभापति, मोरङ जिल्ला पञ्चायत – सदस्य
३. प्रमुख जिल्ला अधिकारी, मोरङ जिल्ला – सदस्य
४. सम्बन्धित इलाकाको प्रतिनिधित्व गर्ने सदस्य जिल्ला पञ्चायत, मोरङ – सदस्य
५. श्री ५ को सरकारबाट मनोनीत जनप्रतिनिधि वा समाजसेवी दुई जना – सदस्य
६. प्रधानपञ्च, विराटनगर नगर पञ्चायत – सदस्य
७. प्रमुख, मोरङ जिल्ला मालपोत कार्यालय – सदस्य
८. प्रमुख, खानेपानी तथा ढल निकास, जिल्ला कार्यालय, मोरङ – सदस्य

द्रष्टव्यः (१) अञ्चलाधीशको अनुपस्थितिमा अध्यक्षको काम प्रमुख जिल्ला अधिकारीले चलाउनेछ ।

(२) मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

खण्ड २८, संख्या ४८, मिति २०३५।१२।६ नेपाल राजपत्र भाग ३ मा प्रकाशित विराटनगर नगर विकास समिति गठनसम्बन्धी सूचना खारेज गरिएको छ ।

## सूचना ५

नगर विकास ऐन, २०४५ को दफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको पदाधिकारी रहने गरी कास्की जिल्लाको पोखरा नगर पञ्चायतमा पोखरा नगर विकास समिति गठन गरेको छ ।

समितिको गठनः

१. अञ्चलाधीश, गण्डकी अञ्चल – अध्यक्ष
२. सभापति, कास्की जिल्ला पञ्चायत – सदस्य
३. प्रमुख जिल्ला अधिकारी, कास्की जिल्ला – सदस्य
४. सम्बन्धित इलाकाको प्रतिनिधित्व गर्ने सदस्य जिल्ला पञ्चायत, कास्की – सदस्य
५. श्री ५ को सरकारबाट मनोनीत जनप्रतिनिधि वा समाजसेवी दुईजना – सदस्य
६. प्रधानपञ्च, पोखरा नगर पञ्चायत – सदस्य
७. प्रमुख, कास्की जिल्ला मालपोत कार्यालय – सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. प्रमुख, खानेपानी तथा ढल निकास जिल्ला कार्यालय — सदस्य

९. आवास तथा भौतिक योजना मन्त्रालयले तोकेको रा. प. द्वितीय श्रेणीको अधिकृत — सदस्य-सचिव

द्रष्टव्यः (१) अञ्चलाधीशको अनुपस्थितिमा अध्यक्षको काम प्रमुख जिल्ला अधिकारीले चलाउनेछ ।

(२) मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

खण्ड २३, अतिरिक्ताङ्क ५२, मिति २०३०।८।१७ नेपाल राजपत्र भाग ३ मा प्रकाशित पोखरा नगर विकास योजना कार्यान्वयन समितिको गठनसम्बन्धी सूचना खारेज गरिएको छ ।

## सूचना ६

श्री ५ को सरकारले भरतपुर–नारायणगढ नगर विकास समितिले भरतपुर नगरको भौतिक विकास गर्न बनाएको नगर योजनालाई नगर विकास ऐन, २०४५ को दफा ३ को उपदफा ३.२ बमोजिम स्वीकृत गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना ७

श्री ५ को सरकारले विदुर नगर विकास समितिले विदुर नगरको भौतिक विकास गर्न बनाएको नगर योजनालाई नगर विकास ऐन, २०४५ को दफा ३ को उपदफा ३.२ बमोजिम स्वीकृत गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
सन्तबहादुर राई
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४२९
मुद्रण विभाग